# बर्दिबास नगरपालिकाको दोश्रो नगरसभामा पेश भएको आर्थिक बर्ष २०७५।०७६ को नीति, कार्यक्रम र बजेट

**नगर सभाका आदरणीय अध्यक्ष ज्यू,**

**नगर सभाका सदस्यज्यूहरु**

**उपस्थित सबै कर्मचारीहरु**

बर्दिबास नगरपालिकाको दोश्रो नगरसभामा आगामी आर्थिक बर्ष २०७५/०७६ को वार्षिक नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्न पाउंदा मलाई अत्यन्त खुशी लागेको छ । म यस समयमा नेपालमा विभिन्न कालखण्डमा भएका आन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु । साथै विभिन्न चरणका आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रुपमा अशक्त हुनु भएका व्यक्तिहरु प्रति हार्दिक सहानुभुति प्रकट गर्दै वहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपालको संविधानले व्यबस्था गरे बमोजिम जनताको सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय तहले काम गर्ने अवसर प्राप्त गरेको सन्दर्भमा स्थानीय तहको निर्वाचन पछि निर्वाचित जनप्रतिनिधि प्रति  जन अपेक्षा अलि बढि नै भएको महसुस हामीलाई भयो । निर्वाचनका क्रममा बर्दिबास नगरपालिकाको समग्र विकासका लागि जनतासंग गरिएका प्रतिबद्धताहरुलाई कार्य रुपमा ल्याउन हामीसंग उपलब्ध सिमित श्रोत साधन, जनशक्ति व्यबस्थापनका अप्ठ्याराहरु, संक्रमणकालीन कानून र विषयगत निकायहरुको समायोजन र संचालनका जटिलतका कारण हामीले सोचे जस्तो गतिमा अघि बढ्न धेरै चुनौतीहरु देखापरे । यद्यपी आम जनतासंग गरेको बचनबद्धता प्रति सदैव प्रतिबद्ध रहने छौं भन्ने कुरा विश्वास दिलाउन चाहन्छु ।

**आदरणीय अध्यक्षज्यू**

बर्दिबास नगरपालिका २०७१ सालमा मंसीर १६ गते साविक ४ वटा गा.वि.स. समेटिएर घोषणा भएकोमा २०७४ सालदेखि अन्य ४ वटा गा.वि.स. समावेश भई तुलनात्मक रुपमा ठूलो क्षेत्रफल भएको नगरपालिका बनेको छ । यस कारण बर्दिबास शहरी र ग्रामीण चरित्र बोकेको विविधतायुक्त र अत्यन्त सवल सम्भावना भएको नगरपालिकाको रुपमा रहेको छ । यस नगरपालिकाको नयां विस्तारित क्षेत्रलाई नगरको मूल प्रवाहमा जोड्न विशेष गरी सडक पूर्वाधारका कामहरु अघि बढाउनु, खानेपानीको आपूर्ति व्यबस्था सुदृढ बनाउनु, आर्थिक विकासका क्रियाकलापहरु संचालन गर्नु,

जनताका सुख सुविधालाई ध्यानमा राखी पछाडि परेका वर्ग र क्षेत्रलाई समेटी नगरवासी भएको अनुभूती दिनु नगरपालिकाका प्राथमिकताका विषयहरुमा राखिएको छ ।

**आदरणीय अध्यक्षज्यू**

अव यस नगरमा बढ्दो आवादि संगै यातायात व्यबस्थालाई दीर्घकालीन दृष्टि राखी फराकिला सडक सन्जालको विस्तारलाई आ.व. २०७५/०७६ मा विशेष प्राथमिकतामा राखिएको छ । त्यसैगरी बर्दिबास नगरपालिकाको प्रमुख पेशा कृषि नै रहेको हुंदा कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा स्थापित गरी आयआर्जनको दरिलो माध्यम बनाउन कृषि उत्पादन तथा उत्पादकत्व बढाउन कृषियोग्य भूमिमा साना सिंचाई योजनाहरु संचालन, कोल्ड स्टोर सहितको अत्याधुनिक कृषि बजारको निर्माण आदि सहित समग्र कृषि विकासका कार्यक्रम समेटिने गरी मेयर कृषि कार्यक्रम, कृषि कलेज स्थापनाका लागि जग्गा व्यबस्थापन, मत्स्य उत्पादन केन्द्र स्थापना, करीब १५०० व्यक्ति अटाउन सक्ने अत्याधुकि सभाहल निर्माण, एक घर एक धाराको अवधारणामा आधारित खानेपानी आपूर्तिका कार्यक्रम, पर्यटकीय पूर्वाधार विकासका कार्यक्रम आदि कार्यक्रमहरु संचालन गर्न उच्च प्राथमिकता दिई अगाडि बढाउन बजेटको व्यवस्था गरिएको छ ।

**आदरणीय अध्यक्षज्यू**

अव म बर्दिबास नगरपालिकाले आ.ब. २०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- स्थानीय सरकार संचालन ऐन तथा अन्य नियमावलीका प्रावधानहरु
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरु : सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शान, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित बिषयहरु
- निर्वाचनको क्रममा जारी गरीएको निर्वाचन घोषणपत्रहरु
- बर्दिबास नगरपालिकाले आवश्यक ठानेका बिषयहरु

आदरणीय अध्यक्षज्यू

अव म बर्दिबास नगरपालिकाले आ.ब. २०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाका प्राथमिकताहरु उल्लेख गर्न चाहन्छु :

- भौतिक पूर्वाधार र सामाजिक विकास
- नीतिगत, कानुनी एवं संरचनागत विकास
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वित्तीय अनुशासन तथा पारदर्शिता
- बालबालिकाको हित संरक्षण एवं महिला सशक्तिकरण र क्षमता विकास
- उद्यमशीलताको विकास र रोजगारी सिर्जना
- ऐतिहासिक एवं धार्मिक सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रबर्द्धन
- सररफाई र वातावरणीय स्वच्छता अभिबृद्धि
- अन्य सरकारी निकाय, गैर सरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य ।

**आदरणीय अध्यक्षज्यू**
**अव म बर्दिबास नगरपालिकाले लिएका विभिन्न नीतिहरु राख्न चाहन्छु ।**

## <u>सामाजिक विकास नीति</u>

*<u>शिक्षा तर्फ</u>*

- बर्दिवास नगरपालिकालाई प्रदेश स्तरकै शैक्षिक केन्द्र ( Education Hub ) को रुपमा विकास गर्न आवश्यक पहल गरिने छ ।
- सम्बन्धन प्राप्त भैसकेको बर्दिबास मेडिकल कलेज र कृषि कलेजको स्थापनाको लागि भौतिक पुर्वाधारको काम सम्पन्न गर्न आवश्यक सहयोग गरिने छ साथै पोलिटेक्नीकल कलेज स्थापना गर्न पहल गरिने छ ।
- नगर क्षेत्र भित्र सञ्चालित सबै बिद्यलयमा मन्टेश्वरी कक्षा संचालन गर्ने तथा सबै माध्यमिक विधालयमा क्रमशः प्राविधिक शिक्षा समावेश गरी पुर्व प्राथमिक तह देखि नै अंग्रेजी माध्यमद्धारा पठनपाठन तथा पर्याप्त भौतिक संरचना निर्माण र जनशक्ति व्यवस्थापन गर्दै नमूना विधालयको रुपमा विकास गरिने छ ।
- आवश्यकता अनुसार नगरक्षेत्र भित्र मदरसा गुम्बा र गुरुकुल शिक्षाको विकासलाई प्राथमिकतामा राखिने छ ।

- नेत्रहीन, सुस्त श्रवण, सुस्तमनस्थिति लगायत अपांगता भएका बच्चाको विशेष शिक्षा दिने विधालयहरुको स्थापना र संचालन क्रमशः गर्दै लगिने छ ।
- एक वडा एक पुस्तकालयको स्थापनामा जोड दिइनेछ ।
- पूर्ण साक्षर नगर घोषण गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- बर्दिवासमा स्नातक तह सम्म संचालनमा रहेका कलेजहरुमा स्नातकोत्तर तह सम्म कक्षा संचालन गर्न आवश्यक समन्वय गरिनेछ ।
- नगरका सबै बिद्यालयमा सुचना प्रबिधिको प्रयोगद्धारा कक्षा संचालन गर्ने कार्यको थालनी गरिनेछ ।
- सामुदायिक बिद्यालयमा शिक्षक बिद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान गरिने छ ।
- संस्थागत बिद्यालयहरुको मापदण्ड तोकी नियमन गरिने छ ।
- उत्कृष्ठ बिद्यालय र नगरभित्रका बिद्यालयमा अध्ययनरत बिधार्थिमध्ये बाट सर्वोत्कृष्ट नतिजा हाँसिल गने बिधार्थिहरुलाई पुरस्कृत गरिने छ ।
- बिपन्न जेहेन्दार बिधार्थिलाई उच्च शिक्षा हाँसिल गर्न आवश्यक सहयोग गरिने छ ।

*स्वास्थ्य सेवा तर्फ*

- अति बिपन्न वर्गका ब्यक्तिहरुलाईसरकारी अस्पतालबाट निःशुल्क उपचारका लागि आवश्यक प्रबन्ध गरिने छ
- दक्ष चिकित्सक सहित आधुनिक र सुविधा सम्पन्न सर्पदंश उपचार केन्द्र निर्माण गर्न पहल गरिनेछ ।
- एक वडा एक योग केन्द्र स्थापनाको अवधारणालाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।
- समय समयमा निशुल्क स्वास्थ्य सिविर संचालन गरीने छ ।
- नगरबासीको स्वास्थ्य सेवामा सहज पहुंच पुर्‍याउन स्वास्थ्य बिमा कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालनमा ल्याइनेछ ।
- स्वास्थ्य बिमा गर्न लाग्ने रकम तिर्न नसक्ने अति बिपन्न वर्गाको लागि बिमा सहयोग कोष स्थापना गरि सबैका लागि बिमा कार्यक्रमलाई लागू गरिने छ ।
- घनावस्ति भएका ठाउँमा थप बाल विकास केन्द्र स्थापना गरिने छ ।
- गर्भवति महिलाहरुलाई पोषण कार्यक्रम संचालनमा दातृ निकायको सहयोग परिचालन गरिने छ ।
- विपन्न समुदायका बच्चाका लागि पूर्ण पौष्टिक आहारको व्यवस्था मिलाइने छ ।

- प्रत्येक वडामा आवश्यक दक्ष जनशक्ति, ल्याव उपकरण र औषधी सहितको नगर स्वास्थ्य केन्द्रको स्थापना गरी संचालन गरिने छ ।
- बिद्यमान स्वास्थ्य केन्द्रको स्तरोन्नतिमा जोड दिइने छ । स्वास्थ्य क्षेत्र सुधार अभियान अन्तर्गत संस्थागत सुधार र क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।
- बहुक्षेत्रिय पोषण योजनालाई शसक्त रुपमा कार्यान्वयन गरिनेछ ।
- महामारी रोगहरुको नियन्त्रणका लागि आवश्यक योजना र संयन्त्रको निर्माण गरिने छ ।
- स्वस्थकर मासु बिक्रि वितरणको लागि ब्यावसायीहरुलाई मापदण्ड अनुसारको पसल संचालन गर्न प्रेरित गरिने छ ।
- प्रत्येक स्वास्थ्य संस्थामा एम्बुलेन्स को ब्यवस्था गर्न पहल गरिने छ ।
- आयुर्वेदिक स्वास्थ्य केन्द्र स्थापना गर्न पहल गरिने छ ।

*समाबेशिकरण/गरिबि निवारण तथा कला संस्कृति तर्फ*

- युवाहरुमा सिर्जनात्मक क्षमताको विकास गरी सीपमुलक र व्यवसायीक तालिम मार्फत स्वरोजगार सिर्जना हुने कार्यक्रम ल्याइने छ ।
- महिलाद्धारा संचालित घरेलु उद्योग, कृषि फार्म, पशु फार्म, व्यापार र व्यवसायको करमा विशेष छुट तथा अनुदानको व्यवस्था मिलाइने छ ।
- बाल अधिकार सम्बन्धि राष्ट्रिय नीति तथा अन्तराष्ट्रिय सन्धी, महासन्धीको पालनामा बिशेष ध्यान पु¥याईने छ ।
- महिला हिंसा तथा बालबिवाहको अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- २०७५ कात्तिक मसान्त भित्र बालश्रम मुक्त नगर घोषणाका लागि आवश्यक प्रबन्ध गरिने छ ।
- पिछडिएका तथा अति विपन्न दलित समुदायका लागि एकीकृत दलित बस्ती निर्माण गरिने छ ।
- एक दलित बस्ती एक उत्पादन केन्द्र स्थापना गरी दलित समुदायलाई आर्थिक रुपले समेत सबल बनाइने छ
- नगर क्षेत्र भित्र छुवाछुत तथा सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- बालबालिकाहरुको व्यक्तित्व विकासका लागि बाल विवाह, दहेज/दाइजो प्रथा उन्मुलन गरी सामाजिक विकृति न्यूनीकरण गरीने छ ।
- बाल मैत्री, पूर्ण घटना दर्ता नगर घोषणा गर्न कार्यक्रम संचालन गरिने छ ।
- हाल संचालनमा रहेका बाल विकास केन्द्रलाई आवश्यक पाठ्य सामग्री उपलब्ध गराइने छ ।
- युवालाई तालिम दिन उद्यमशिलता विकास कार्यशाला स्थापना गरिने छ ।

- महिला जनजाती र विपन्न बर्गको शसक्तिकरणका लागि लोकसेवा तयारी कक्षा संचालन गरिने छ ।
- नगर स्तरिय साँस्कृतिक केन्द्रको स्थापना गर्न बिशेष पहल गरिनेछ ।
- सुकुम्बासी परिचयपत्र बितरण र भुमीहिनहरुको लागि आवास निर्माण गरिने छ ।
- शहिद परिवार, वेपत्ता परिवार, सशस्त्र युद्धका क्रममा घाइतेका लागि विशेष कार्यक्रम ल्याइने छ ।
- निर्मल लामा प्रतिष्ठान, पारिजात स्मृति पार्क तथा कृष्ण बहादुर राना स्मारक पार्क निर्माणका लागि आवश्यक कार्य अघि बढाइने छ ।

*खेलकुद तर्फ*

- बर्दिबास नगरपालिका २ मा रहेको खेल मैदानलाई राष्ट्रियस्तरको अत्याधुनिक सुविधा सम्पन्न रंगशाला निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- मेयर ब्याडमिन्टन प्रतियोगितालाई निरन्तरता दिईने छ । साथै अन्य खेलहरुमा मेयरकप प्रतियोगिताहरु क्रमशः संचालनमा ल्याईने छ ।
- नगर भित्रका सबै वडामा नगर बाल उद्यान क्रमशः निर्माण गरिदै लगिनेछ ।
- बालमैत्री स्थानीय शासनलाई कार्यन्वयन गर्दै अघि बढिनेछ ।
- फुटवल ,भलिवल, क्रिकेट, ब्याडमिन्टन लगायतका खेललाई प्रोत्साहन गर्न नगरस्तरीय खेलकुद समिति स्थापना गरिने छ ।
- नगरस्तरीय खेलकुद समिति मार्फत वडा वडामा रहेका खेलाडीहरुलाई ब्यावसायीक खेलाडीको रुपमा अधि बढाउन प्रोत्साहन गरिने छ
- एक वडामा न्युनतम एक खेल मैदान निर्माण गर्ने नीतिलाई क्रमशः लागु गर्दै लगिने छ ।
- राष्ट्रिय स्तरका खेलाडिहरुलाई प्रोत्साहित गर्न खेलाडि सम्मान कार्यक्रम ल्याइने छ ।

## आर्थिक विकास नीति

*कृषि तर्फ*

- उपयोगको प्रयोजनको आधारमा जग्गाको वर्गीकरण गर्ने कार्यलाई अघि बढाइने छ ।
- कृषि क्षेत्रको व्यवस्थित र योजनाबद्ध विकासको लागि कृषि सम्बन्धि रणनीतिको निर्माण्का साथै आगामी बर्ष देखिनै मेयर कृषि कार्यक्रमलाई नगरको गौरबको योजनाको रुपमा लागु गरिनेछ ।
- कृषि हाटबजारको पूर्वाधार निर्माण लाई बिषेश प्राथमिकतामा राखिने छ ।
- खेतियोग्य जमिनमा साना सिंचाईको व्यवस्था गर्न कार्यक्रम संचालन गरिने छ ।

- बर्दिबास नगरभित्र प्रत्येक टोलमा कृषक समूह/कृषि सहकारी निर्माणमा विशेष जोड दिइने छ ।
- कृषि जन्य बस्तुहरुमा रसायनिक मल एवम विषादीलाई निरुत्साहित गर्दै अर्गानिक कृषि उत्पादन तथा बजारीकरण प्रवर्द्धनका लागि दिगो कृषि प्रणालीलाई अघि बढाइने छ ।
- सबै वडाहरुमा कृषि सेवा केन्द्र स्थापना गरी सम्पूर्ण कृषकहरुको लागि कृषि प्राविधिकको पहुँचलाई सुनिश्चित गरिने छ ।
- उच्च मूल्य रहेका कृषि जन्य वस्तुलाई सुरक्षित शित भण्डारण व्यवस्था सहितको आधुनिक कृषि बजार केन्द स्थापनाका लागि संघीय तथा प्रादेशिक सरकारसंग आवश्यक समन्वय गरिने छ ।
- कृषकहरुलाई वालिनालीको लागि ऋण र विमा गर्न वित्तिय संस्थाहरुसंग समन्वय गरी सहजिकरण गरिने छ ।
- कृषकहरुको तथ्याँक संकलन एवम परिचय पत्र वितरण कार्यक्रमलाई अघि बढाइने छ ।
- नगरपालिका भित्र उपयुक्त स्थानको पहिचान गरी मत्स्यपालन केन्द्रको स्थापना गरिने छ ।
- माटोको जांच कार्यलाई सहज बनाउन  आवश्यकता हेरी माटो जांच गर्ने व्यबस्था गरिने छ ।
- कृषि उत्पादनमा बढावा दिन वार्षिक रुपमा कृषि मेलाकोआयोजना गरिनेछ । उत्कृष्ट किसान र कृषि समूहलाई सम्मान गर्ने कार्यक्रम ल्याईनेछ ।
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण तथा कृषिसम्वन्धी वीमा र साना तथा गरिबीको रेखामुनि रहेका किसानहरूलाई सहुलियतपूर्ण कर्जाका लागि आवश्यक सहजीकरण  गरिनेछ ।

*पशु पंक्षि तर्फ*

- प्रत्यक वडामा पशु सेवा केन्द्र स्थापना गर्ने कार्यक्रमलाई अघि बढाइने छ ।
- उन्नत जातको पशु र सुधारिएको गोठलाई प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ ।
- भ्यागुते लगायतका रोग नियन्त्रण गर्न पशु खोप कार्यक्रम संचालन गरिने छ ।
- पशु पंक्षि हाट बजारको लागि निश्चित स्थानमा पूर्वाधार  निर्माण गरी एकै स्थानबाट किनबेच गर्ने व्यबस्था मिलाइने छ ।
- पशु पालक कृषकलाई आवश्यक तालिम, अध्ययन भ्रमण आदिको व्यबस्था गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- पशु नश्ल सुधार कार्यक्रम संचालन गरि उत्पादन तथा उत्पादकत्व वृद्धिमा विशेष जोड दिइने छ ।

- पशुपालक कृषकहरुलाई विमा तथा ऋृण प्रवाह गर्न वित्तिय संस्थासंग आवश्यक समन्वय गरिने छ ।
- पशुपालक कृषकहरुलाई उन्नत जातको घाँस विउ विजनका कार्यक्रमहरु संचालनमा ल्याइने छ ।
- बर्दिबास नगरभित्रका पशु पंक्षि तथ्यांक संकलन पशु पंक्षि पालनको अवस्थालाई अद्यावधिक गरिने छ ।
- कृषक सहकारी /समूह मार्फत दुग्ध डेरी संचालनमा प्रोत्साहन गरिने छ ।
- छाडा पशु बस्तु नियन्त्रणमा कडाई गरिने छ ।

*सहकारी तर्फ*

- सहकारी संस्थाको दर्ता अनुमति तथा नियमन कार्यलाई व्यबस्थित गर्न सहकारी ऐनको निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।
- कानून विपरित संचालनमा रहेका संस्थाको दर्ता खारेज गरिने छ ।
- प्रत्येक परिवारलाई आ आफ्नो आय अनुसार सहकारीमा अनिवार्य बचतको लागि अभिप्रेरित गरिने छ ।
- नगर क्षेत्रको सहकारी संस्थाको तथ्याँक संकलन गरी अभिलेखीकरण गरिने छ ।

*उद्योग तर्फ*

- नगर क्षेत्रमा रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्याँक संकलन गरि उद्योगहरुको प्रबर्द्धन र विकासमा जोड दिइने छ ।
- युवा स्वरोजगारको लागि शिप विकासको तालिम दिइ लघु तथा घरेलु उद्योग संचालन गर्न प्रोत्साहन गरिने छ ।
- वैदेशिक रोजगारमा गई स्वदेश फर्केका युवाहरुलाई उद्योग संचालन गर्न आवश्यक पर्ने शीप, पूंजीको प्रबन्ध गर्न विशेष कार्यक्रम संचालन गरिने छ ।
- कृषिमा आधारित उद्योग स्थापना र संचालनमा प्रोत्साहित गर्न उद्योग दर्ता, नविकरण गर्दा लाग्ने शुल्क र आयमा लाग्ने करमा छुट दिने व्यबस्था लागू गरिने छ ।

*खानी तथा खनिज*

- वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्रचलित कानून बमोजिम नगरपालिका भित्र रहेका खोलानालाबाट ढुङ्गा, गिटी वालुवा उत्खनन गरि विक्रि वितरण गर्न आवश्यक प्रबन्ध गरिने छ ।

*रोजगार प्रवर्द्धन तथा गरिवि न्यूनीकरण*

- नगरपालिका भित्र बसोबास गर्ने गरिबहरुको तथ्याँक संकलन गरी स्तरीकरण गरि स्तरीकरण गरिने छ
- गरिवी निवारणको लागि संघीय एवम प्रदेश सरकार संग आवश्यक समन्वय गरी कार्यक्रमहरु संचालन गरिने छ ।
- वैदेशिक रोजगारमा रहेको युवाहरुको तथ्याँक संकलन गरी स्वरोजगारको व्यवस्था गरिने छ ।

## वन वातावरण,फोहोर मैला तथा विपद व्यवस्थापन

*वन, वन्यजन्तु, भू संरक्षण तथा जैविक विविधता संरक्षण तर्फ*

- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियति वनको संरक्षण सम्बर्धन र उपयोग गरिने छ ।
- नदी किनार , नदी उकास, सार्वजनिक खालि जग्गा, पाखा तथा सडक किनारमा वृक्षरोपणको व्यवस्थामा गरिने छ ।
- जडिबुटी खेतिका लागि खयरमारा माइस्थान, गौरीबास क्षेत्रमा सर्वेक्षण गरी उत्पादनको व्यवस्था गरिने छ ।
- नीजि तथा व्यवसायीक वनको प्रवर्द्धन नियमनलाई विशेष प्रामिकता मा राखिने छ ।
- जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरु संचालनमा विशेष प्राथमिकता दिइने छ ।
- नगरपालिकाको वडा नं. १४ मा प्रचलित कानूनको अधिनमा रही उपयुक्त विधिको अवलम्बन गरी काष्ठ डिपो संचालन गरिने छ ।

*वातावरण, पर्यावरण एवम जलाधार क्षेत्र संरक्षण तर्फ*

- भूमीलाई वर्गिकृत गरि आवास क्षेत्र, शहरी क्षेत्र, औधोगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू उपयोग गर्ने नीति लिइने छ ।
- अव्यवस्थित बसोबासलाई व्यवस्थीत गर्न लगत संकलन कार्य गरिने र आधिकारीक स्वामित्वका आधारमा लालपुर्जा वितरण गर्न संघीय सरकार संग पहल गरिने र बाझो जमिनलाई उत्पादन मुलक कार्यमा प्रयोगमा ल्याउन आवश्यक कार्यक्रमहरु संचालन गरिने छ ।
- जलवायु परिर्वनबाट पर्ने नकारात्मक असरहरु न्यूनीकरणका लागि आवश्यक व्यवस्था गरिने छ
- वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण सम्बन्धि जनचेतना मुलक अभियान संचालन गरिने छ ।
- नगर क्षेत्र भित्र रहेको प्रत्येक निजी, सरकारी, गैर सरकारी विधालय र कलेजको २०० मिटर वरपर हानी कारक सुर्ति, मदिरा जन्य पदार्थ बेचविखनमा रोक लगाईने छ ।
- बजार तथा बाटोमा नियम विपरित जथाभावी होडिङ बोर्ड राख्न रोक लगाईने छ ।

- अनियन्त्रित प्राकृतिक श्रोत दोहनकार्यलाई तत्कालै रोक लगाइने छ ।

*फोहोरमैला व्यवस्थापन तर्फ*

- फोहोरमैलालाई श्रोत मै वर्गिकरण गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिने छ ।
- नगर भित्रको फोहोरलाई पुन : प्रयोग गर्ने गरी वैज्ञानिक ढंगले व्यवस्थापन गरिने छ ।
- नगरलाई हराभरा र स्वच्छ बनाउन एक घर दुई विरुवा रोपण कार्यलाई प्रोत्साहित गरिने छ ।
- नगरको ठोस फोहर व्यबस्थापन गर्न ल्यान्डफिल्ड साइटको उचित प्रबन्ध गरी साइट मै कम्पोष्ट च्याम्बर, Recycle Center को स्थापना गरी संचालनमा ल्याउन निजी क्षेत्रसंग साझेदारी गरिने छ ।
- प्लाष्टिक मुक्त अभियानलाई मुर्त रुप दिन नगर क्षेत्र भित्र कालो प्लाष्टिकको झोलामा रोक लगाइने छ ।
- फोहोरमैला संकलन पुन उपयोग प्रसोधन विसर्जन र सो को सेवा शुल्क निर्धारण र नियमन गर्न आवश्यक कानूनको निर्माण गरिने छ ।
- मानिसहरु बढि आवतजावत हुने स्थानहरुमा सार्वजनिक शौचालयको निर्माण कार्यलाई अघि बढाइने छ ।

*विपद व्यवस्थापन, वारुण यन्त्र, एम्वुलेन्स संचालन तर्फ*

- विपद व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद व्यबस्थापन कोषलाई सुदृढ गरिने छ ।
- नगर भित्रका विपद, जोखिम क्षेत्रको नक्साँकन तथा वस्तिहरुको पहिचान गरी स्तान्तरणको लागि आवश्यक प्रक्रियाको थालनी गरिने छ ।
- नगर भित्रका नदीका कारण नगरवासीले भोग्नु परेको समस्यालाई न्यूनीकरण गर्न अध्ययन गरिने छ ।
- विपद, जोखिम, न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धि कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिने छ ।
- वारुण यन्त्र तथा एम्बुलेन्सको व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।

## सुशासन तथा संस्थागत विकास

- यस न. पा. कार्यालयमा आबश्यकताको आधारमा महा शाखा, शाखा, उप शाखा र इकाइ गठन गरी जनताको काम छिटो र छरितो हुनेगरी व्यवस्था मिलाइनेछ ।
- निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुको आचरण र व्यवहारलाई मर्यादित बनाउन आचारसंहिता निर्माण गरी लागू गरिने छ ।
- न.पा. कार्यालयहरु र वडा कार्यालयहरु सवै ठाउँमा नागरिक वडापत्र राखिनेछ ।

- न.पा. अन्तरगत सबै वडाहरुलाई बिद्युत्तिय सञ्चारसँग आवद्ध हुने अवधारणा (पेपर लेस गभरेन्स) प्रयोगमा ल्याउने नीति लिइनेछ ।
- सबै वडाहरुले आफ्ना वडाहरुमा भएका गरेका कामको विवरण जनता समक्ष पुऱ्याउन वेव साइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइने छ ।
- प्रदेश र संघसँग एक आपसमा भगिनी सम्बन्ध कायम गर्ने व्यवस्थ मिलाइनेछ ।
- आवश्यकता र दरवन्दी अनुसारको  कर्मचारी व्यवस्थापन गरिनेछ ।
- वडा कार्यालयमा पनि दरवन्दी अनुसार कर्मचारीको व्यवस्थापन गरिनेछ ।
- प्रदेश  र संघसँग समन्वय गरी नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- सार्वजनिक खरीद तथा निर्माण व्यवसायको सञ्चालन, सार्वजनीक सम्पति संरक्षण र विभिन्न साधन तथा श्रोतहरुको विवरण सहीतको अध्यावधि अभिलेख राख्ने व्यवस्था गरिने छ ।
- न.पा.तथा वडाहरुको आर्थिक पाटो पारदर्शि पार्न आधुनीक विद्युत्तीय लेखा प्रणाली प्रयोगमा ल्याइ आवश्यकता, नियमियतता, औचित्यता र प्रभावकारीता आदिका आधारमा लेखा परिक्षण गर्ने व्यवस्था गरिनेछ
- स्थानिय उत्पादनलाई प्रथमिकता दिई कृषि जन्य उत्पादनलाई सित भण्डारणमा राखी वितरण गर्ने व्यवस्था गरिनेछ ।
- राम्रो काम गर्नेलाई उपाधि तथा विभूषणको सिफारीस गर्ने र नराम्रो काम गर्नेलाई दण्डको व्यवस्था गरिनेछ
- न.पा मा हुने हरेक कामको तथ्याङ्क संकलन गरी व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति लिइनेछ ।
- न. पा.र वडा कार्यालयमा उजुरी पेटिका राखि जनताको गुनासो सुन्ने र त्यसको समाधान गर्ने नीति लिइनेछ
- न. पा.मा भएका निर्णयहरु विद्युत्तीय माध्यमबाट अभिलेखिकरण गरी सार्वजनिक गर्ने नीति लिइने छ ।
- बर्दिवास नगर क्षेत्रभित्र पर्ने ऐलानी, अव्यवस्थीत जग्गाहरुको लगत संकलन गरी प्रदेश र संघसँग सवन्वय गरी नाप जाँच गरी धनी पुर्जा वितरण गर्ने नीति लिइनेछ ।

**आदरणीय अध्यक्षज्यू**

**अव म आगामी बर्षको अनुमानित बजेटको संक्षिप्त रुप प्रस्तुत गर्न चाहन्छु :**

माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि आगामी आ.ब. २०७५।०७६ को आय तर्फ **संघीय सरकारबाट** वित्तीय समानीकरण  १७ करोड ४ लाख, राजश्व बाँडफाँड १२ करोड ३५ लाख ४७ हजार, सामाजिक सुरक्षा तर्फ ८ करोड, सशर्त तर्फ  २६ करोड १ लाख बहु क्षेत्रीय

पोषण बापत २० लाख गरी ६३ **करोड ६० लाख ४६ हजार, प्रदेश सरकारबाट** वित्तीय सामानीकरण ३३ लाख ९४ हजार, सशर्त १ करोड गरी **१ करोड ३३ लाख ९४ हजार**, राजश्व बाँडफाड बाट प्राप्त हुने ७८ लाख ६८ हजार गरी २ करोड १२ लाख ६२ हजार , आन्तरीक राजश्व तर्फ ४ करोड ९८ लाख ६५ हजार र चालु आ.ब.को असारमा वाँकी रहने बचत १५ **करोड** ३७ लाख ३२ हजार गरी ८७ करोड ३९ लाख ६ हजार आय अनुमान गरेको छु । साथै व्ययको पूँजीगत खर्च तर्फ ४२ **करोड ११ लाख ६ हजार** र चालु तर्फ १० करोड सात लाख प्रस्तावित गरिएको सम्मानित सभामा जानकारी गराउँदछु ।

**आदरणीय अध्यक्षज्यू**

नगरपालिकाले आर्थिक बर्ष २०७५/०७६ को लागि प्रस्ताव गरेको बजेटसंग सम्बन्धित विनियोजन विधेयक, आर्थिक विधेयक, नगरपालिकाका सेवा र कार्यहरु संचालन गर्ने क्रममा आवश्यक पर्ने विभिन्न ऐनहरु, कार्यविधि निर्देशिका लगायतका विधेयकहरु सभामा पेश भई छलफल हुने नै हुंदा मैले त्यसको उल्लेख गरेको छैन । आगामी बर्षको योजना तथा कार्यक्रमहरु निर्माण गर्न जति सजिलो छ, कार्यान्वयनमा त्यतिकै मेहनत गर्नु पर्ने हुन्छ । यसका लागि विगतमा झैं सबै क्षेत्रको सहयोग र सक्रियताको समेत अपेक्षा गरेको छु । नगर सभाबाट पारित भएपछि विस्तृत विवरण सहितको सर्म्पूण नीति, कार्यक्रम तथा बजेट समेटिएको नगर विकास पुस्तिका प्रकाशनको साथै स्थानीय राजपत्रमा समेत प्रकाशन गरिने जानकारी गराउँदछु ।

अन्तमा प्रस्तुत बजेट तर्जुमाका विभिन्न चरणहरुमा प्रत्यक्ष एवं परोक्षरुपमा अमूल्य सुझाव एवं सहयोग पुऱ्याउनु हुने माननीय मन्त्रीज्यू, माननीय सांसदज्यूहरु, कार्यपालिका तथा नगरसभाका सबै सदस्यज्यूहरु, सबै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, विषयगत समितिहरु, बिषयगत शाखा, सुरक्षा निकाय एवं सरकाकारी कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, नागरिक समाज, आम नगरबासी र नगरसभा तयारीको लागि अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत लगायत नगरपालिकाका सवै कर्मचारीप्रति आभार प्रकट गर्दै कार्यान्वयनमा समेत निरन्तर सहयोगको अपेक्षा लिएको छु ।

**धन्यवाद ।**

**कृष्ण माया गौतम**
**नगर उप-प्रमुख**